**Series : GEF1H**

**SET ~ 4**

रोल नं.
Roll No.

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**प्रश्न-पत्र कोड**
**Q.P. Code** **17**

परीक्षार्थी प्रश्न-पत्र कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें।
Candidates must write the Q.P. Code on the title page of the answer-book.

# नेपाली
# NEPALI

*निर्धारित समय : **3** घण्टे* | *अधिकतम अंक : **80***

*Time allowed : **3** hours* | *Maximum Marks : **80***

**नोट / NOTE** #

(I) कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में मुद्रित पृष्ठ **11** हैं।
Please check that this question paper contains **11** printed pages.

(II) प्रश्न-पत्र में दाहिने हाथ की ओर दिए गए प्रश्न-पत्र कोड को परीक्षार्थी उत्तर-पुस्तिका के मुख-पृष्ठ पर लिखें।
Q.P. Code given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.

(III) कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में **11** प्रश्न हैं।
Please check that this question paper contains **11** questions.

(IV) **कृपया प्रश्न का उत्तर लिखना शुरू करने से पहले, उत्तर-पुस्तिका में यथा स्थान पर प्रश्न का क्रमांक अवश्य लिखें।**
**Please write down the Serial Number of the question in the answer-book at the given place before attempting it.**

(V) इस प्रश्न-पत्र को पढ़ने के लिए 15 मिनट का समय दिया गया है। प्रश्न-पत्र का वितरण पूर्वाह्न में 10.15 बजे किया जाएगा। 10.15 बजे से 10.30 बजे तक परीक्षार्थी केवल प्रश्न-पत्र को पढ़ेंगे और इस अवधि के दौरान वे उत्तर-पुस्तिका पर कोई उत्तर नहीं लिखेंगे।
15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the candidates will read the question paper only and will not write any answer on the answer-book during this period.

***General Instructions :***

*(i)* *This question paper is divided into **2** parts.*

*(ii)* *It has total **11** questions.*

*(iii)* ***Part One** : **3** questions no. **1** to **3**.*

*(iv)* ***Part Two** : **8** questions no. **4** to **11**.*

*Attempt questions as per specific instructions.*

*Write question no. in answer book before attempting it.*

***सामान्य निर्देश :***

*(i)* *यो प्रश्नपत्रलाई दुई भागमा बाँड़िएको छ।*

*(ii)* *यस प्रश्नपत्रमा जम्मा **11** (एघार) वटा प्रश्नहरू छन्।*

*(iii)* *भाग एकमा **3** (तीन) वटा प्रश्नहरू छन् जो प्रश्न संख्या **1** (एक) देखि प्रश्न संख्या **3** (तीन) प्रश्न संख्या सम्म राखिएको छ।*

*(iv)* *भाग दुइमा **8** (आठ) वटा प्रश्नहरू छन् जो प्रश्न संख्या **4** देखि **11** प्रश्न संख्या सम्म राखिएको छ।*

*विशेष निर्देशन अनुसार प्रश्नहरूका उत्तर लेख्नुहोस्।*

*उत्तर दिन अघि उत्तर पुस्तिकामा प्रश्न संख्या लेख्नुहोस्।*

## भाग एक
## (अपठित गद्यांश)

**1.** निम्नलिखित अनुच्छेद पढ़ेर सोधिएका प्रश्नहरूका सही विकल्प छानेर उत्तर दिनुहोस्। *5×1=5*

प्राचीनकालमा हाम्रो देशमा अनेकौं गुरुकुल वा ऋषिकुलहरू थिए, जसमा पाँच/छ वर्षका बालकहरूले प्रवेश लिन्थे र प्रायः बीस-पच्चीस वर्षसम्म त्यहाँ बस्थे। तिनीहरू सधैँ गुरुकै नजीक बस्थे। यदि तिनीहरूका अभिभावकलाई तिनीहरूसित भेट गर्ने इच्छा भए अभिभावकहरू नै गुरुकुल आउँथे। गुरुकुलका छात्रहरूलाई सधैँ गुरुकै समीपमा रहनुपर्ने हुँदा गुरुको सबै गुणहरूको प्रभाव तिनीहरूमा पर्दथ्यो। त्यहाँ सधैँ ज्ञान विज्ञानकै चर्चा हुन्थ्यो। त्यहाँका छात्रहरूले तिनीहरूमा विकार उत्पन्न हुने कुनै प्रकारको कुरो सुन्न पाउँदैन थिए। त्यसैकारण तिनीहरू पूर्ण ब्रह्मचारी भएर छात्रावासबाट घर फर्कन्थे र भावी जीवन खुबै राम्रोसित बिताउँथे।

प्राचीनकालका गुरुकुलहरूको प्रतिरूप नै आजको छात्रावास हो तर त्यस समयको गुरुकुल र आजको छात्रावासमा आकाश-पातालको फरक छ । गुरुकुलका आचार्यहरू शिष्यहरूको विद्या र आचार विचार लगायत सबै कुराको ध्यान राख्थे तर आजका सबै छात्रावासका प्रबन्धक त्यसो गर्दैनन् । तिनीहरूका विचार र कार्यप्रणाली सीमित र संकुचित देखिन्छन् । प्राचीनकालका गुरुकुल नदीहरूको नजीक, खुल्ला र स्वच्छ वातावरणमा अवस्थित हुन्थे भने आधुनिककालका छात्रावास नगर अनि विद्यालय र महाविद्यालयको नजीक हुन्छन् । प्राचीनकालका गुरुकुलको उद्देश्य केवल शिष्यहरूलाई पुस्तकीय र व्यावहारिक शिक्षा प्रदान गरी योग्य व्यक्ति बनाउनु हुन्थ्यो तर आजका धेरै जसो छात्रावासहरूको प्रमुख उद्देश्य अर्थतन्त्रसित सम्बन्धित रहेको देखिन्छ । परम उद्देश्यहरू त गौण भइसकेका छन् ।

(i) गुरुकुलहरूमा कति उमेरका बालकहरूले प्रवेश लिन्थे ?

(A) पाँच/छ वर्ष ।

(B) सात/आठ वर्ष ।

(C) बीस-पच्चीस वर्ष ।

(D) तीस-चालीस वर्ष ।

(ii) गुरुकुलहरूमा के-केको विषयमा छलफल हुन्थ्यो ?

(A) धर्म-कर्म ।

(B) रीति-थिति ।

(C) ज्ञान-विज्ञान ।

(D) अर्ती-उपदेश ।

(iii) कहाँका छात्रहरूमा गुरूका सबै गुणहरूको प्रभाव पर्दथ्यो ?

(A) छात्रावासका ।

(B) विद्यालयका ।

(C) महाविद्यालयका ।

(D) ऋषिकुलका ।

(iv) कसको कार्यप्रणाली सीमित र संकुचित हुन्छ ?

(A) गुरुकुलका आचार्यहरूको।

(B) शिष्यहरूको।

(C) छात्रावासका प्रबन्धकको।

(D) प्राचीनकालका गुरुहरूको।

(v) कहाँका विद्यार्थीहरू व्यावहारिक शिक्षा प्राप्त गरी योग्य व्यक्ति बन्थे ?

(A) आधुनिक छात्रावासका।

(B) प्राचीन गुरुकुलका।

(C) आधुनिक विद्यालयका।

(D) आधुनिक महाविद्यालयका।

**2.** निम्नलिखित कवितांश पढ़ेर सोधिएका प्रश्नहरूका सही विकल्प छानेर उत्तर दिनुहोस्। *5×1=5*

ऋतुमा वसन्त लाग्छ पहिला
फुलाइ फूल देखाउँछ कला
आउँछ ग्रीष्म फेरि अर्को
पसिना काड्ने गर्मी चर्को।
घामको किरण लाग्छ प्रखर
वर्षा ल्याउने बादलको तर्खर।
निरन्तर झरीले भरिन्छ खेत
धानको बालामा शरद संकेत।
बाली उठाई कुन्यूमा पराल
यसपछि आउँछ हेमन्त काल
बढ्दै जान्छ जाड़ो खूब
नाङ्गिगन लाग्छ बनको रूख।
यसरी आउँछ अन्तमा शिशिर
बढ़ादैं पत्कर घसार घिसिर।
छ वटा फूलको ऋतुमाला बन्छ
प्रकृतिको वरदान यसैलाई भन्छ

(i) एक वर्षमा कतिवटा ऋतु हुन्छ ?

(A) दुई ।

(B) चार ।

(C) छ ।

(D) आठ ।

(ii) कुन ऋतुमा प्रखर घाम लाग्छ ?

(A) वसन्त ।

(B) ग्रीष्म ।

(C) हेमन्त ।

(D) शिशिर ।

(iii) हेमन्त ऋतुमा के हुन्छ ?

(A) फूल फुल्छ ।

(B) धानको बाला देखिन्छ ।

(C) पत्कर बढ़ारिन्छ ।

(D) धेरै जाड़ो हुन्छ ।

(iv) कुन ऋतुमा परालको कून्यु लगाइन्छ ?

(A) वसन्त ।

(B) हेमन्त ।

(C) शरद ।

(D) वर्षा ।

(v) कुन ऋतुमा बनको रूख नाङ्गो हुन्छ ?

(A) शिशिर ।

(B) शरद ।

(C) वर्षा ।

(D) ग्रीष्म ।

**3.** निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका शही विकल्प लेख्नुहोस् । *10×1=10*

(i) भाइ पढ्दैछ । यस वाक्यमा कुन कारक छ ?

(A) करण ।

(B) सम्प्रदान ।

(C) कर्ता ।

(D) कर्म ।

(ii) अधिकरण कारक ______________ विभक्तिमा पर्दछ ।

(A) प्रथमा ।

(B) तृतीया ।

(C) पञ्चमी ।

(D) सप्तमी ।

(iii) शिक्षकले विद्यार्थीलाई पढ़ाए । रेखाङ्कित पद के हो ?

(A) कर्ता ।

(B) कर्म ।

(C) क्रिया ।

(D) सम्बन्ध ।

(iv) समास कति प्रकारका हुन्छन् ?

(A) दुई।

(B) चार।

(C) छ।

(D) आठ।

(v) जुन समासमा सामासिक शब्दले सोझो अर्थ नबुझाएर भिन्न अर्थ बोध गराउँछ त्यसलाई के भनिन्छ ?

(A) द्विगु समास।

(B) बहुव्रीहि समास।

(C) तत्पुरुष समास।

(D) अव्ययीभाव समास।

(vi) समस्त पद्लाई अलग गर्नुलाई _______________ भनिन्छ।

(A) सन्धि।

(B) समास।

(C) विग्रह।

(D) विच्छेद।

(vii) दिइएका शब्द र अर्थमध्ये कुन जोड़ी सही छ ?

(A) अभिराम – सुन्दर।

(B) अम्बुज – बादल।

(C) परिमाण – फल।

(D) भीर – घुइँचो।

(viii) हिस्सा, खण्ड आदि केका प्रतिशब्द हुन् ?

(A) अंग। (B) अखण्ड।

(C) हिंसा। (D) अंश।

(ix) झुटाको अर्थ असत्य हुन्छ भने झुत्ताको अर्थ के हुन्छ ?

(A) झुप्पा। (B) झुसिले।

(C) व्यर्थको। (D) खुट्टमा लगाउने।

(x) सार शब्दलाई ______________ पनि भनिन्छ।

(A) वाक्य वियोजन।

(B) वाक्य संक्षेप।

(C) वाक्य विस्तार।

(D) वाक्य संयोजन।

## भाग दुई

## (वर्णनात्मक प्रश्नहरू)

**4.** निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्। *3×2=6*

(i) वाक्यमा उद्देश्य र विधेय भन्नाले के बुझिन्छ ? एउटा उदाहरण दिएर स्पष्ट पार्नुहोस्।

(ii) निम्नलिखित वियोजनमा लेखिएका वाक्यहरूलाई संयोजनमा रूपान्तर गर्नुहोस्।

(a) उ घर पुग्छ। उ लुगा फेर्छ। उ साथीसँग खेल्न जान्छ।

(b) साँझ पर्‍यो। चराहरू गुँडमा फर्के।

(iii) तल दिइएका कुनै ***एक*** वाग्धाराको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस्।

(a) कान तातेर आउनु।

(b) भीरको चिण्डो हुनु।

**5.** निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।

(i) "काल खोज्नु आइस्, मर्छस पनि।" यो वाक्य कसले कसलाई कतिबेला भनेको हो ? *2*

(ii) डाक्टर नानो र फेरसको भेट कसरी भयो ? *2*

(iii) (a) चामेका गालामा कोकलेले किन कसेर दुई थप्पड हान्यो ? *2*

**अथवा**

(b) भानुराजकी पत्नी सुलोचनाको मनले अन्तिम इच्छा के गरेको छ ?

(iv) संसारबाट दानवता हटाउन हामीले के गर्न आवश्यक छ ? *2*

(v) जुठे दमाईको गृहस्थी जीवनबारे संक्षेपमा प्रकाश पार्नुहोस् । *3*

(vi) "तिमीहरू बसेको छेउमा कुनै कोठा खाली छैन बैनी।" यो प्रश्न कसले कसलाई गरेको हो ? प्रश्नकर्ताले किन कोठा खोजेको हो ? *3*

**6.** कुनै ***चार*** प्रश्नहरूका उत्तर दिनुहोस्। *4×3=12*

भित्र छ ईश्वर, बाहिर आँखा
खोजी हिंड्छौ कुन पुर ?
ईश्वर बस्तछ गहिराइमा
सतह बहन्छौ कति दूर।

(i) यस कवितांशद्वारा कविले के भन्न चाहेका छन् ?

(ii) आजको युगको व्यस्त मानिसले पूजा गर्नकालागि कस-कसलाई के-के जिम्मा दिएको छ ?

(iii) पृथ्वीका तारा भनेर कविले कसलाई भनेका छन् ? उनीहरूको अवस्था कस्तो छ ?

(iv) 'सत्य सन्देश' कवितामा कविले हामीलाई के-के गरे व्रत जप तपले स्वर्गको कामना गर्नु पर्दैन भनेका छन् ?

(v) हामी देशवासीको कुन-कुन कुरामा शहीदको रगत, शहीदको धड्कन र शहीदको जीवन रहेको छ ?

**7.** निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।

(i) रनेले भागेर कता जाने विचार गर्‍यो ? उ कहाँ पक्रा पर्‍यो ? *2*

(ii) आफ्नी छोरी मोतीको कुन भनाइ लक्ष्मीको हृदयमा मर्मभेदी वाण भइ रोपिन्छ ? *2*

(iii) (a) बरमान को थियो ? उसले कसरी जुनीको प्राण बचायो ? *3*

**अथवा**

(b) रने परिबन्दमा फस्नुपरेका कुनै तीनवटा कारणहरू लेख्नुहोस्।

(iv) सोनामणिले पूलबाट हाम फालेर आत्महत्या गरेको घटना कसले देखेको थियो ? उनले त्यो कुरा किन कसैलाई भनिनन् ? *3*

**8.** निम्नलिखित प्रश्नहरूमध्ये कुनै ***दुईवटाका*** उत्तर दिनुहोस्। *2×2=4*

(i) यी शब्दहरू यी हरफहरू कुन साहित्यकारको कृति हो ? उनका अन्य कुनै एक कविता संग्रहको नाउँ लेख्नुहोस्।

(ii) इन्द्रबहादुर राईको प्रथम कथासंग्रह कुन हो ? यो कुन सालमा प्रकाशित भएको थियो ?

(iii) लक्खीदेवी सुन्दासले प्राप्त गरेका कुनै दुईवटा पुरस्कारका नाउँ लेख्नुहोस्।

**9.** तल दिइएका कुनै ***एक*** विषयमा 150 शब्दसम्को रोचक निबन्ध रचना गर्नुहोस्। *5*

(i) मेरा आदर्श नेपाली कवि।

(ii) विज्ञानको क्षेत्रमा भारत।

**10.** (a) आफ्नी दिदीको विवाहका निम्ति निमन्त्रणा दिँदै टाढ़ामा भएको साथीलाई एउटा पत्र लेख्नुहोस्। *5*

**अथवा**

(b) आफू शैक्षिक भ्रमणका निम्ति विदेश जाने अनुमति माग्दै आफ्नो विद्यालयका प्राचार्यलाई एउटा निवेदन पत्र लेख्नुहोस्।

**11.** निम्नलिखित वाक्यलाई नेपालीमा अनुवाद गर्नुहोस् । *4×1=4*

(i) We didn't have enough food for everyone.

(ii) I won't attend the meeting tomorrow.

(iii) She is studying for her annual examination.

(iv) He has not achieved his target.